# प्रतिनिधि सभा र प्रदेश सभा सदस्यको आगामी निर्वाचनको सन्दर्भमा

# राष्ट्रिय मानव अधिकार आयोगको

## आह्वान

- निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, निष्पक्ष र भयरहित वातावरणमा सम्पन्न गर्न शान्ति सुरक्षाको उचित प्रबन्ध गरी नागरिकको मताधिकार र मानव अधिकारको सम्मान र संरक्षण गर्न ।
- संविधान प्रदत्त विचार र अभिव्यक्तिको स्वतन्त्रताको सम्मान गर्न ।
- सभा, जुलुस तथा ऱ्याली आयोजना गर्दा, लाठीभाला, खुकुरी, लगायतका घरेलु हतियार र विस्फोटक प्रदार्थ नबोक्न/प्रदर्शन तथा प्रयोग नगर्न ।
- निर्वाचनलाई प्रभावित पार्ने गरी बन्द, हड्तालजस्ता कार्यक्रमहरू नगर्न तथा निर्वाचनमा बालबालिकाको प्रयोग नगर्न ।
- निर्वाचन आचारसंहिताको अक्षरशः पालना गर्न ।
- अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक, सुत्केरी, बिरामी तथा अशक्त मतदातालाई मतदान केन्द्रमा सहज पहुँचको लागि विशेष व्यवस्था गर्न गराउन ।
- निर्वाचन पर्यवेक्षकहरुले तटस्थ रुपमा आफ्नो जिम्मेवारी पूरा गर्न ।
- आम मतदाताहरुले कुनै पनि प्रभाव र दबाबमा नपरी आफ्नो मताधिकारको प्रयोग गर्न ।
- आफ्नो अधिकारको प्रयोग गर्ने क्रममा अरुको अधिकारको पनि सम्मान गर्न ।

☛ **राष्ट्रिय मानव अधिकार आयोगबाट निर्वाचन अनुगमनका लागि खटिएका टोलीहरुलाई स्वतन्त्र रूपमा अनुगमन गर्ने कार्यमा आवश्यक सहयोग गर्न सम्वद्ध सबैमा आयोग आह्वान गर्दछ ।**

**राष्ट्रिय मानव अधिकार आयोग**

**हरिहरभवन, ललितपुर**

**हटलाइन: ०१-५०१००००**